# सम्झौता पत्र

लिखितम् काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० घर भई हाल संयुक्त राज्य अमेरिकाको मिसिगन राज्यमा बसोबास गर्दै आउनु भएका डा.गौरीशंकर अधिकारी (जसलाई यस करारनामामा यसपछि प्रथमपक्ष भनिने छ) एवं काभ्रेपलान्चोक जिल्ला धुलिखेल नगरपालिकामा रहेको काठमाडौं विश्वविद्यालय (जसलाई यसपछि यस करारनामामा द्वितीयपक्ष भनिने छ) का बीचमा निम्नलिखित शर्तबन्देजको अधीनमा रहने गरी करार ऐन, २०२३ बमोजिम यो करारनामाको कागज गरेका छौं ।

## शर्तबन्देजहरु

१. प्रथमपक्षको नाममा काठमाडौं मालपोत कार्यालयमा दर्ता, भोग, तिरो जनिएको का.जि.महानगरपालिका वडा नं.१० स्थित एक रोपनी जग्गामा बनेको करीब २६०० वर्गफिटको सिंगै घर सो घरमा रहेका फर्निचरहरु समेत द्वितीयपक्षले मासिक रु.१७,३२५।– (सत्र हजार तीन सय पच्चीस रुपैया मात्र) मा बहालमा लिने प्रस्ताव गरेकोमा हामी दुवैपक्षको स्वीकृति भई यही १ अगस्त २००१ देखि बहालमा लिने दिने गरेका छौं ।

२. यो करारनामाको अवधि हाललाई १ अगस्त २००१ देखि एक वर्षको हुनेछ । दुवैपक्षको सहमतिबाट यो अवधि बढाउन सकिने छ ।

३. सो घरमा जडान भएको प्रथमपक्षको नामको फोन नं. ४९०६३६ को टेलिफोन एकथान पनि सोही घरको प्रयोगका लागि दिइएको छ । यस करारनामा शुरु भएको अवधिदेखि समाप्त नभएको अवधिसम्म उठेका सम्पूर्ण बिलको रकमहरु द्वितीयपक्षले नै व्यहोर्ने छ ।

४. साथै, उक्त घरमा जडान भएको धारा,बिजुलीका रकमहरु समेत बहालमा लिने पक्षले नै व्यहोर्ने छ ।

५. भाडाको रकम प्रथमपक्षको प्रतिनिधि राधेश्याम अधिकारीले विश्वविद्यालयबाट बुझ्ने छ ।

६. आयकर सम्बन्धी सम्पूर्ण कुरा प्रथम पक्षले नै ब्यहोर्ने छ ।

७. काठमाडौं विश्वविद्यालयमा लेखि किनाराको साक्षीको रोहवरमा यो सम्झौता पत्र एक एक पर्ती लियौं दियौ ।

| प्रथमपक्ष | द्वितीयपक्ष |
|---|---|
| डा. गौरीशंकर अधिकारीको हकमा | काठमाडौं विश्वविद्यालय, |
| प्रतिनिधि राधेश्याम अधिकारी | धुलिखेल, काभ्रे |
| का.जि.का.म.न.पा.वडा नं.१० | |

साक्षी

१. श्री महेन्द्र कुमार निरौला, काठमाडौं विश्वविद्यालय ........................................ १

२. श्री सुरेन्द्र के.सी., काठमाडौं विश्वविद्यालय ........................................ १

इति सम्वत् २०५८ साल साउन **३१** गते रोज ३ शुभम् ........................................।